मोहन पाण्डेय
नगर प्रमुख

# मनराशिसवा नगरपालिकाको सम्मानित (बाह्रौं) १२ औं नगरसभामा
# २०८१ साल असार ९ गते
# नगर प्रमुख श्री मोहन पाण्डेय ज्यूबाट
# प्रस्तुत बजेट, नीति तथा कार्यक्रम

## आर्थिक वर्ष २०८१।२०८२
## मनराशिसवा नगरपालिका, मनरा, महोत्तरी
## मधेश प्रदेश

मोहन पाण्डेय
नगर प्रमुख

# आ.व. २०८१।२०८२ को नीति तथा कार्यक्रम

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

मनराशिसवा नगरपालिकाको गरिमामय १२ औं नगरसभामा उपस्थित नंगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य, आमन्त्रित महानुभाव लगायत संचारमाध्यमको प्रत्यक्ष प्रशारण वाट सुनिरहनुभएका नगरवासी आमाबुवा, दिदिवहिनी, दाजुभाईहरुमाझ मनराशिसवा नगरपालिकाको १२ औं नगरसभाको पहिलो बैठकलाई नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु ।

नेपालको इतिहासका धेरै अप्ठयारा एवं विषम परिस्थिती पार गर्दै आजको अवस्था सम्म आइपुगेको र अनेकौ कठिन मोडहरुमा पनि राष्ट्रिय एकता सार्वभौमिकता र स्वाधिनताको झण्डा फहराउँदै बीर अग्रजहरुबाट आजको पुस्तासम्म राष्ट्र निर्माणको अभिभारा हस्तान्तरित हुदै आएको छ । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनितिक क्रान्ति, जनआन्दोलन र मधेश आन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि अगाडि बढ्दै गर्दा बेपत्ता भएकाहरु र घाइते अपांगहरु प्रति उच्च सम्मान तथा स्वास्थ लाभको कामना गर्दछु ।

मनराशिसवा नगरपालिकाको विकास निर्माण, आर्थिक तथा सामाजिक क्रियाकलाप लगायत विविध क्षेत्रमा छोटो अवधिमा निकै परिवर्तन आएको महसुस मैले गरेको छु । नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा निरन्तर रुपमा अघि बढ्न नगरपालिका दृढ रहेको छ ।

नगरका नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा रहेको आर्थिक वर्ष २०८०।०८१ मा १२ औं नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रमहरु कार्यान्वयनको अन्तिम चरणमा छन् ।

नेपालको संविधान र संघीय शासन प्रणालीको तहगत सरकारहरुमा मनराशिसवा नगरपालिका स्थानीय सरकारको रुपमा रहेको छ । यस नगरपालिकामा मिति २०७९ वैशाख ३० गते स्थानीय तहको दोश्रो चुनाव सम्पन्न भई कार्यभार ग्रहण गरेको दुई वर्ष पुरा भएको छ । हाम्रो लोकतान्त्रीक अभ्यास र आफ्ना प्रतिनिधी मार्फत जनचाहना अनुरुपका कार्यहरु सुरु भएको छ । यी कार्यहरुमा प्रत्यक्ष/परोक्ष सहयोग पुर्याउनु हुने सबैमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु ।

मोहन पाण्डेय
नगर प्रमुख

## परिचय

मनराशिस्वा नगरपालिका मधेश प्रदेश अन्तरगत महोत्तरी जिल्लामा पर्दछ । यस जिल्लामा रहेको १० वटा नगरपालिका र ५ वटा गाउँपालिका मध्ये यो पनि एउटा स्थानीय तह रहेको छ । साबिकको गा.बि.स. हरु क्रमशः शिसवा कटैया, बथनाहा,साढाँ, सरपल्लो,मनरा, ईटहर्वा कटी र सोनैल समेत गरि ७ वटा गा.बि.स. हरु समेटी यो नगरपालिका बनेको छ । यस नगरपालिकामा १० वटा वडाहरु रहेका छन् । यो नगरपालिका महोत्तरी जिल्लाको सदर मुकाम जलेश्वर देखि १२ किलो मिटर पश्चिम दक्षिणमा रहेको यो नगरपालिकामा जम्मा ८५४१ घरपरिवार अवस्थित रहेको छ । महोत्तरी जिल्लाको कुल क्षेत्तफल १००२ वर्ग किलो मिटर मध्ये यस नगरको कुल क्षेत्रफल ४९.७८ ब.कि.मी. रहेको छ अर्थात ४९७८ हेक्टर (७४६७ बिघा) रहेको छ । संघीय नेपालको स्थानीय संरचना अनुसार महोत्तरी जिल्लामा पर्ने यो नगरपालिका बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक पृष्ठभूमी बोकेको एउटा साझा थलो हो ।

## अवसर

आफ्नो समस्या आफ्नै प्रतिनिधीबाट समाधान गराउन पाउने अधिकार प्राप्तीको लागि २०७४ साल असोज ०२ गते यस मनराशिसवा नगरपालिकाकाको स्थानीय तहको पहिलो र २०७९ वैशाख ३० गते दोश्रो निर्वाचन सम्पन्न भै दुई वर्ष हुँदै गर्दा विकास निर्माणका कार्य तिव्रता भइरहेकै छ । तथापी आंगामी दिनमा यस नगरपालिका भित्रका विकास निर्माणको साथै स्थानीय बासिन्दाको वृद्धि विकास, रोजगार, आयमुलक, सिपमुलक एवम पूर्वाधार तथा दिगो विकासका कार्यक्रमहरु संचालनमा यस नगरको उद्देश्य र कार्ययोजनामा राजनीतिक दल, संघ संस्था, स्थानीय वासिन्दा समेत सबै क्षेत्र र वर्गको सहभागीता निस्वार्थ ढंगले रहेकाले पूर्ण रुपमा सफलता प्राप्त हुने अवस्था छ ।

## चुनौती

यस नगरपालिकाबाट हाल सम्म विविध कारणले सम्पन्न गर्न र विगतमा कार्ययोजनामा समावेस गर्न छुट भएका आवश्यकताहरुलाई आगामी दिनमा कार्यान्वयनमा ल्याउन हामीले बिभिन्न क्षेत्रमा आवश्यकता र औचित्यताको पहिचान सहित भू-उपयोग नीति, वातावरण मैत्री स्थानीय शासन, राष्ट्रिय तथा स्थानीय भवन आचार संहिता, खुल्ला क्षेत्र घोषणा, सडक मापदण्ड निर्धारण कार्यान्वयन, सडक बत्ति व्यवस्थापन, राजश्व परिचालन, नगरपालिका यातायात गुरु योजना, सर्वसाधारणको इन्टरनेटमा पहुँच, सामाजिक सुरक्षामा सहजता, भ्रष्टाचार शून्य सहनशील नगरपालिका घोपणा, सामुदायेक स्वास्थ्य क्लीनिक, छाडा पशु चौपाया नियन्त्रण व्यवस्थापन, सार्वजनिक पार्क स्थापना, सार्वजनिक जग्गा संरक्षण, लैङ्गिक मैत्री र फरक क्षमता भएका व्यक्ति मैत्री कार्यक्रम, वातावरण मैत्री कार्यालय, भवन आचार संहिता सम्बन्धी तालिम, बाल श्रम निषेध कार्यक्रम, कृषि विद्युतीकरण, विषादि रहित कृषि एवं हरित क्षेत्र कार्यक्रम, सरसफाई कार्यक्रम, ऐतिहासिक स्थलको संरक्षण, सडक सुधार र संरक्षण

मोहन पाण्डेय
नगर प्रमुख

लगायतका कार्यक्रमहरु सम्पन्न गर्नु पर्ने दायित्व एवं जिम्मेवारी यस नगरपालिकामा आएको छ । यस क्षेत्रभित्रको सार्वजनिक पर्ति जग्गा संरक्षण, आन्तरिक बजारीकरण व्यवस्था, आर्थिक आय आर्जनका विविध कार्यक्रम, आन्तरिक आय व्यवस्थापन सहित समयानुकुल परिमार्जित कर दस्तुरको व्यवस्थापन, पुरातात्विक सम्पदा, प्राकृतिक सौन्दर्यता र पर्यटन विकास, सक्षम एवं सवल मनराशिसवा नगरपालिका बनाउने र अधिकतम आवश्यकतालाई न्यूनतम स्रोत साधनबाट सम्बोधन गर्नुपर्ने अवस्था हाम्रो लागि चुनौती बनेको छ ।

## आगामी आ.व. २०८१।०८२ को नीति कार्यक्रम तथा बजेट

मनराशिसवा नगरपालिकालाई व्यवस्थित र समृद्ध नगरपालिका बनाउन आवश्यक ऐन, नियम, नीति, कार्यक्रम समेतको उपर्युक्त कार्यन्वयनको लागि निम्न अनुसार नीति, कार्यक्रम पेश गरिएको छ ।

### परिकल्पना

शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार : मनरा शिसवा नगरपालिका समृद्धिको आधार

### सोच

मनराशिसवा नगरपालिकाका वासीहरुको आधारभुत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सक्षम एवं सवल नगर बनाउने मुख्य सोच रहेको छ ।

### लक्ष्य

विभिन्न ऐतिहासिक, पुरातात्वीक, धार्मिक, सामाजिक महत्वका क्षेत्रहरु रहेको मनराशिसवा नगरपालिकाकाको प्राकृतिक सौन्दर्यताको बहुउपयोग सहित पूर्वाधारको विकास, कृषिमा आधुनिकिकरण र नागरिक शसक्तिकरण गर्दै सक्षम एवं सवल बनाउने लक्ष्यका साथ नगरलाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण नगरपालिकाको रुपमा विकास गरि आर्थिक एवं सामाजिक दृष्टिले समुन्नत, आत्मनिर्भर एवं सबल नगर बनाउने लक्ष्य राखिएको छ ।

### उद्देश्य

स्थानीय सरकारको रुपमा निर्वाचित सक्षम र दुर दृष्टीपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी, निजी क्षेत्र एवं समूदाय सहितको समन्वय र सहभागितामा उपलब्ध स्रोत साधनहरुको समुचित परिचालन गरिनेछ । आर्थिक तथा सामाजिक असमानता हटाउन सुशासन एवं पारदर्शीता कायम गरी समावेसी समानुपातिक विकासको अवधारणामा नगरपालिकाकाको समग्र विकासको लागि भौतिक पूर्वाधार एवं सामाजिक क्षेत्रमा लगानी वृद्धि गरिनेछ । लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक सामाजिक उन्नती र पहुँचमा वृद्धि गर्न गरिवी न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ । सुशासनको

मोहन पाण्डेय
नगर प्रमुख

प्रत्याभुती सहित ऐतिहासीक कला, संस्कृती, सम्पदा तथा प्राकृतिक सौन्दर्यतायुक्त स्रोत साधानहरुको अधिकतम परिचालनका साथ समग्र विकासद्धारा देशकै नमूना नगरपालिकाको रुपमा सबलीकरण गर्दै सक्षम र आत्मानिर्भर नगर बनाउने मुख्य उद्देश्य हुनेछ ।

## अवलम्बनका आधारहरु

वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दा अवलम्बन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्न अनुसार छन ।

- संधीय गणतन्त्र नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत विषयहरु ।
- स्थानीय तह सम्वन्धी जारी ऐन, नियमावली, कार्यविधि, दिग्दर्शन, परिपत्र लगायत कानूनी व्यवस्थाहरु ।
- राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्राप्त राय सुझावहरु ।
- वडा, बस्ती स्तरमा भएका छलफलका सुझावहरु एवम् विभिन्न माध्यमबाट संकलन भएका सुझावहरु ।
- विषयगत कार्यालय र निकायबाट प्राप्त राय सुझावहरु ।
- नगरसंग सम्बन्धित विषयहरुमा विभिन्न क्षेत्रका बुद्धिजीवी, विज्ञ, नागरिक अगुवाहरु संगको परामर्शबाट प्राप्त राय एवम् सुझावहरु ।

## क्षेत्रगत समग्र नीति तथा आधारहरु

यस मनराशिसवा नगरपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि यस नगरपालिकाबाट निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

## सामान्य प्रशासन तथा सेवा प्रवाह नीति

१. जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठी लगायतका कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वय बाट संचालन गरिने छ ।

२. नगरपालिका वाट उपलब्ध गराइने सेवाग्राहीसंग सम्वन्धित सेवा सुविधालाई व्यवस्थित गर्नको लागि सहायता कक्षको व्यवस्था गरी दैनिक सेवा प्रवाहलाई सरल र सहज बनाइनेछ ।

३. नगरपालिकावाट उपलब्ध गराउने सार्वजनिक सेवा सुविधाहरु स्पष्ट हुने गरी जवाफदेहीता सहितको नागरिक वडापत्र कार्यान्वयन गरिनेछ ।

मोहन पाण्डेय
नगर प्रमुख

४. नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, वृद्धवृद्धा एवं दृष्टिविहिनहरुको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ ।
५. कर्मचारीहरुको कार्य सम्पादन तथा मूल्याकंन विधि्लाई प्रभावकारी र वैज्ञानिक बनाई सचेतिकरणका साथ दण्ड, पुरस्कार पद्धतीको आधारमा सेवामुखी एवं जवाफदेही बनाईनेछ ।
६. मानव संसाधन विकास, संस्थागत विकास, क्षमता विकासलाई प्राथमिकतामा राखि नगरपालिका मानव संसाधनको रोष्टर तयार गरी आबश्यकता अनुसार परिचालन गरिनेछ ।
७. नगरपालिकाको तथा बडा कार्यालयहरुको सुरक्षा सवलिकरणका लागि नगर प्रहरीको व्यवस्था मिलाइनेछ ।
८. कर्मचारीले पाउने सेवा सुविधाहरु, योग्यताको आधारमा पद वर्गिकरण गरिनेछ ।
९. कर्मचारीहरुको सरुवा अन्तर वडा तथा पालिकामा आवश्यकत्ता अनुसार गरिनेछ ।
१०. आम नगरवासीका लागि सहज र सुलभ सेवा प्रवाह गर्ने नीतिलाई निरन्तरता दिइनेछ र नगरवासीको दैलोमा सेवा पुर्याउन सेवा प्रवाहको विशेष रणनीति निर्माण गर्दै लगिनेछ ।
११. आम नागरिकलाई सहज सेवा प्रवाह गर्न नगरपालिका, वडा कार्यालय तथा विषयगत कार्यालयहरुले सेवाको प्रकृति र अवस्था अनुसार सेवा, कर्मचारी, कार्यदिन र कार्यक्षेत्रलाई आधार मानी समूहीकरण गर्दै सेवा प्रवाहको ढाँचा, विधि र प्रक्रियाको निर्धारण गर्ने नीति ल्याइनेछ ।
१२. सेवा प्रवाहको विधि र प्रक्रियालाई अनलाईन प्रविधि, आलोपालो विधि र टोकन पद्धतिसँग आवद्ध गर्दै लगिनेछ, प्रवाह गरिने सेवालाई अत्यावश्यक, विशेष र सामान्य गरी वर्गीकरण गरिनुका साथै सोही अनुरुप सेवाको स्तर निर्धारण गर्दै कार्यकक्ष, जनशक्ति र सेवा प्रवाहको विधि निर्धारण गर्ने नीति ल्याइनेछ ।

## राजश्व तथा आर्थिक प्रशासन नीति

१. नगरपालिकाको क्षेत्रभित्र रहेको आन्तरिक आयका स्रोतहरुको सुक्ष्म रुपमा पहिचान र उचित व्यवस्थापन गरी नगरपालिकाको आन्तरिक स्रोत वृद्धि गर्दै लैजाने नीति अवलम्बन गरिने छ ।
२. नगरपालिकाको स्वायत्त अधिकार भित्र रहने कर दस्तुरका बृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यबस्थापनमा उपयुक्त नीति बनाई स्रोत साधन परिचालन गरिने छ ।
३. आन्तरिक स्रोत तर्फ कर, शुल्क, महशुल, जरिवाना आदि असुलीलाई प्रभावकारी बनाई नगरपालिका विकासको गतिलाई थप योगदान दिनको लागि राजश्व असुलीको योजनालाई निरन्तरता दिईने छ ।
४. करदाताहरुको वर्गिकरण गरी करदाताको घर दैलो मार्फत कर जागरण बढाई कर संकलनमा तिव्रता दिईने छ साथै साना करदाताहरुलाई करदाता शिक्षा मार्फत कर तिर्न उत्साहित गरिनेछ ।
५. नगरपालिकामा रहेका निर्माणका मेशिन, औजारहरु अधिकतम उपयोगबाट आय स्रोत बढाइनेछ।
६.हाल सम्मका पेश्की तथा बेरुजु फर फारकका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत फर फारक नीति बनाइ शुन्यतामा लगिनेछ ।

मोहन पाण्डेय
नगर प्रमुख

७. सेवाग्रहीले अन्य निकाय बाट सेवा लिँदा नगरपालिको कर चुक्ता अनिवार्य गराउन सम्वन्धित निकाय संग समन्वय गरिनेछ ।

## सुशासन नीति

१. नगरपालिका क्षेत्रमा हुने र भएका क्रियाकलाप लगायत अन्य गतिविधीको नगरवासीहरुलाई सुसुचित हुने अवसर दिनको लागि सुचनालाई प्रभावकारी बनाउन नगरपालिकामा विद्युतिय माध्यमबाट सार्वजनिक गरिनेछ ।
२. नगर कार्यालय र वडा कार्यालयलाई पूर्ण डिजिटलाइजेशन गराउन अफिसअटोमेशन तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. यस नगरपालिकाभित्र रहेका शिक्षा, स्वास्थ्य र बडा कार्यालयलाई व्यवस्थित बनाउनको लागि डिजिटल हाजिरी र सि.सि, क्यामरा व्यवस्था गरी सोको निगरानी सम्बन्धित कार्यालयबाट गरिनेछ ।
४. विगतमा बनेका ऐन, कानून एवं कार्यविधिहरुलाई आवश्यक्ता अनुसार संसोधन एवं परिवर्तन गरिनेछ ।
५.संघ र प्रदेशसँगको समन्वयात्मक सम्बन्ध कायम गरी अन्तर स्थानीय तहका साथै विदेशी मुलुकका प्रतिष्ठित नगरसँग भगीनी सम्वन्धको प्रक्रिया अगाडी बढाइनेछ ।
६. न्यायिक समिति मार्फत मिलापत्र केन्द्र, न्याय सम्पादन तर्फ सामाजिक सचेतना, सामाजिक सद्‌भाब कार्यका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

## स्वास्थ्य सेवा सम्बन्धी नीति

१. नगरवासीको स्वास्थ्य सुरक्षार्थ नेपाल सरकार र प्रदेश सरकारसँग गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधि एवम् उपकरण र दक्ष स्वास्थ्य कर्मीको सेवा विस्तार गर्न लागत साझेदारी र सहकार्यलाई उच्च प्राथमिकता दिई कार्य गर्ने नीति ल्याइनेछ ।
२. सबै वडाको स्वास्थ्य सेवामा गुणस्तर विकास तथा सेवा प्रवाहमा वढोत्तरी गर्दै लगिनेछ ।
३. वडा स्थित स्वास्थ्य संस्थाहरु पूर्ण क्षमतामा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक नीति ल्याइनेछ ।
४. निःशुल्क आंधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुलभ र सहज पहुँचका लागि एम.वि.वि.एस. डाक्टर, प्याथोलाजि ल्याव, एक्स रे, डाइलोसिस सहित स्वास्थ्य परीक्षणको सेवालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।
५. स्वास्थ्य सेवामा सबैको पहुच सुनिस्चित गर्ने **स्वास्थ्य सेवा घरदैलो कार्यक्रम** सुचारु गरिनेछ ।
६. महिला स्वास्थ्य स्वयम् सेविका, वडा स्थित स्वास्थ्य संस्था व्यवस्थापन समिति र स्वास्थ्य, संस्थाका कर्मचारीहरुको क्षमता तथा ज्ञान अभिवृद्धिमा विशेष लगानी गर्ने नीति ल्याइनेछ ।

मोहन पाण्डेय
नगर प्रमुख

७. नवजात शिशु, आमा र बालबालिकाको र महिला स्वास्थय सम्बन्धि सचेतना प्रवद्धनका कार्यहरुमा विशेष जोड दिइनेछ ।

८. महामारी जस्ता परिस्थिति नियन्त्रण भन्दा वाहिर गएको अवस्थामा समेत नगरवासीको सुरक्षार्थ विशेष रणनीति निर्माण गरिनेछ ।

९.योग र आयूर्वेद उपचार पद्धतिलाई प्रवर्धन गर्न नगर भित्र ६३ स्थानमा **नागरिक आरोग्य सेवा केन्द्र** स्थापना गरिनेछ ।

१०. संघिय सरकारले प्रस्ताव गरेको श्रम अस्पताल निर्माणको लागी पहल र सहजीकरण गरीनेछ ।

११. स्वास्थ्य विमितले अनिवार्य र सहज रुपमा विमावाट उपचार पाउनको लागि अस्पतालमा पहल गरिनेछ ।

१२. मनराशिसवा नगरपालिका भित्र सञ्चालित वर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिला लाई निशुल्क सुपानेट झुल वितरण तथा एम्बुलेन्स सेवा लाई निरन्तरता दिइने छ ।

१३. सम्पूर्ण वडाहरुमा एम्बुलेन्स सेवाको सहज पहुँचमा सुनिश्चितता ल्याईनेछ ।

## कृषि तथा पशुपन्छी विकास सम्बन्धी नीतिः

१. डिजेल/पेट्रोलबाट चल्ने कृषि यन्त्रलाई विस्थापित गरि कृषि क्षेत्रमा आधुनिकरणका लागि खेत खेत मा बिजुली पुर्याई **कृषि बिधुतिकरण कार्यक्रम** संचालान गरिनेछ साथै सिचाई लाई थप सहजीकरण गर्न आवश्यकता अनुसार डिप बोरिङको निर्माण गरिनेछ।

२.कृषि उत्पादनमा हुने अप्रत्याशित घाटाका कारण किसानलाई पर्ने आर्थिक मारलाई न्यून गर्न **कृषि बालि बिमा कार्यक्रम** सुचारु गरिनेछ ।

३. नगरपालिका क्षेत्रमा पशुपालनको निरन्तरतालाई प्राथमिकताका दिदै कृतिम गर्भाधान(AI), पशु स्वास्थय तथा बाँझोपन शिविर, रेबिज रोग नियत्रण कार्यक्रम, छाडा कुकुरहरुको संख्या घटाउन कुकुर बन्ध्याकरण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. पशुजन्य उत्पादनमा जोड दिन व्यवसायिक पशु तालिम, औषधि खरिद तथा वितरण, विभिन्न रोग विरुद्ध भ्याक्सिन खरिद, व्यवसायिक पशुपालनमा पुर्वाधार तथा यान्त्रीकरण, साना डेरी स्थापना तथा सुधार एवं यान्त्रीकरण सहगोगको नीति ल्याईनेछ ।

५. कृषि उत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको बीउ विजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृपक समूहहरुलाई लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने नीति ल्याईनेछ ।

६. बजारमा उच्च माग भएका र तत्काल विक्री वितरण गरी आय आर्जन गर्न सकिने नगदेवालीमा कृपकको प्राथमिकता र आर्कषण वृद्धि गर्न तालिम, समूह खेती, प्रोत्साहन, अध्ययन भ्रमण र अनुसन्धान गर्न थप लगानी गर्ने नीति ल्याईनेछ ।

७. युवाहरुको आकर्षण बढाई स्वरोजगारको विकास एवं आय आर्जनका लागि नगरपालिकाको आन्तरिक माग र बजारमा उच्च माग हुने मौसमी तथा बेमौसमी तरकारी खेती सहित बालीनाली

मोहन पाण्डेय
नगर प्रमुख

विकास गराउन औषधी छर्ने मेशिन औजार वितरण, मोटर वितरण, लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।

८. युवा अवस्थाको उर्जालाई कृषि क्षेत्रमा व्यवसायीकरण गर्न स्वःरोजगार बन्ने र बनाउने नीति अबलम्बन गरिनेछ ।

९. घुम्ती शिविर मार्फत माटो तथा गोबर परीक्षण कार्यक्रम सञ्चालन गर्दै कृषि तथा पशुपंक्षी पालन क्षेत्रको उत्पादन वृद्धि गरिनेछ ।

१०. नगरपालिका क्षेत्रमा उत्पादन गर्न सकिने उर्वर जमिनलाई बाँझो राख पाइने छैन । यस्ता क्षेत्रहरुमा सामुहिक खेती प्रणाली गर्न चाहने कृषक समूहलाई नगरपालिकाबाट सिंचाई, विउ विजन, औषधी तथा कृषि औजार उपकरणमा अनुदान दिने नीति ल्याईनेछ ।

११. स्थानीय उत्पादन स्थानीय क्षेत्रमै उपभोग गर्ने नीतिको कार्यान्वयनका लागि १० वटै वडास्तरमा क्यालेण्डर निर्माण गरी हप्ताको निश्चित एक दिन हाटबजारको व्यवस्था गरिने र एउटा स्थानमा नमुना हाटबजार को निर्माण समेत गरिनेछ ।

१२. व्यवसायिक रुपमा विपादी रहित प्राङगारिक कृषि उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गरिनुका साथै सो सम्बन्धि कृषक तालिमको व्यवस्था मिलाईनेछ ।

१३. कृषि बालीमा बन्यजन्तुले गर्दा हुने हानिलाई घटाउन वन्यजन्तु नियन्त्रणका कार्यक्रमहरु ल्याइनेछ

१४. कृषि सिंचाईका रुपमा रहेका पुराना बाँध पैनी कुलोलाई पुनःसंचालनमा ल्याइनेछ तथा आवश्यकता अनुसार नयाँ कुलो र पैनी निर्माण गरी सिचाईमा वर्षाको निर्भरतालाई घटाईनेछ ।

१५. कृषि उपजको भण्डारणको लागि निर्माणाधीन शित भण्डार तथा खाद्य भण्डारलाई सुचारु गरिनेछ ।

## **शिक्षा खेलकुद तथा अतिरिक्त कृयाकलाप सम्बन्धी नीतिः**

१. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि, भौतिक पूर्वाधारयुक्त बनाउने, पठनपाठनको गुणस्तरमा सुधार ल्याउने र शिक्षकहरुको भूमिकालाई प्रभावकारी बनाउने कार्य र एक विद्यालय एक बालउद्यानको अवधारणलाई निरन्तरता दिईनेछ ।

२. सामुदायिक विद्यालयहरुको आम्दानी र खर्चलाई पारदर्शी गर्न विद्यालयहरुको लेखा लेखांकन सफ्टवेयरलाई पूर्णरुपमा लागू गरी विद्यालयहरुको वित्तीय प्रतिवेदन चौमासिक रुपमा प्रकाशन गरिनेछ ।

३. नेपाल सरकारबाट प्राप्त, शिक्षा क्षेत्रको सशर्त अनुदानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४. शिक्षा विकासका लागि बिद्यालयहरुका विचमा शिक्षामा गुणस्तरीयता र पहुँचमा समानता स्थापित गरी विभेदपूर्ण शिक्षा प्रणाली अन्त्य गर्न सहकार्यको कार्यक्रम सञ्चालन गरिनेछ ।

मोहन पाण्डेय
नगर प्रमुख

५. नेपाल सरकारले बालबालिकाका लागि उपलब्ध गराएका निःशुल्क खाजा कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन गुणस्तर मापन गरेर मात्र खुवाउने व्यवस्था मिलाइनेछ ।

६. सामुदायिक विद्यालयहरुका शिक्षकहरुको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणाली प्रति अभ्यस्त बनाउन क्षमता विकास, कार्य सम्पादन करार संझौता, नतिजामा आधारित शैक्षिक क्यालेण्डर र सिकाई एवम् अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

७. नगरपालिका भित्र गुणस्तरिय र निःशुल्क शिक्षा नीतिलाइ कार्यान्वयन गर्न खाली दरबन्दीलाइ पुर्णता, दरवन्दी नपुग भएका विद्यालयहरुमा नगर स्वयमसेवक शिक्षक भर्ना गरी निजहरुको क्षमता विकास र संचालित मा.वि तथा आधारभुत विद्यालयहरुको भौतिक संरचना सुधार गराउदै लगिनेछ ।

८. शिक्षाको गुणस्तर सुधार गर्न सम्बन्धित क्षेत्रका विज्ञहरु रहने गरी समिति गठन गरी नगर शिक्षा सुधार योजना तर्जुमा गरिनेछ ।

९. शिक्षकलाई आफ्नो पेशागत मर्यदा र सक्षमता अभिवृद्धि गर्न शिक्षकको कार्यसम्पादनलाई विद्यार्थिको नतिजा तथा उपलब्धी संग जोडिनेछ ।

१०. सबै विद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य गरिनेछ ।

११. सामुदायिक तथा संस्थागत विद्यालय बीचको भेदभावलाई अन्त्य गराई गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण गरिनेछ ।

१२. कक्षा ६ ७ र ८ मा अनिबार्य रहेको कम्प्युटर शिक्षाको अध्यापनलाई सहजिकरण गर्न नगर भित्रका सम्पूर्ण बिद्यालयहरुमा कम्प्युटर ल्याबको स्थापना गरिनेछ र नगर भित्र एउटा बिद्यालयलाई **नमुना प्रबिधि मैत्री बिद्यालय** बनाईनेछ ।

१३. बालबालिकालाई जीवनोपयोगी सिप, विपद् व्यवस्थापन सिप, आत्मरक्षा गर्नका लागि सिप सिकाउने र विद्यालय तह पूरा गरेपछी स्वरोजगार हुनसक्ने जनशक्ती तयार गर्ने नीति लिने कार्यक्रमको थालनी गरिनेछ ।

१४. **नगर खेलकुद प्रबर्धन कार्यक्रम** अन्तर्गत नगरपालिका भित्र रहेका खुला, सार्वजनिक पर्ती तथा नदी उकास आसपासका क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा खेलकूद मैदान, बालउद्यान जस्ता पूर्वाधारको निर्माण एवम् सञ्चालनमा सार्वजनिक निजी साझेदारीमा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१५.माध्यमिक शिक्षा पछि युवाहरुले नगर छाड्ने प्रवृतिलाई न्युन गर्न नगरभित्रका उच्च शिक्षाको गुणस्तर अभिवृद्धिमा जोड दिईनेछ साथै लोक सेवा तयारी कक्षा र क्यारियर परामर्श का कक्षा हरु पनि नगरमै संचालन गरिनेछ ।

१६. संस्कारका साथ शिक्षाको मुलमन्त्रलाई अवतरण गर्दै रामजानकि गुरुकुलको निर्माण र संचालान कार्यलाई निरन्तरता दिईनेछ ।

१७. विद्यार्थीहरुको पठनपाठनलाई थप टेवा पुऱ्याउन **प्रविधि मैत्री नगर पुस्तकालयको** स्थापना गरिनेछ ।

मोहन पाण्डेय
नगर प्रमुख

१८. स्वास्थका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने नाराका साथ मेयर कप र उपप्रमुख महिला कप खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
१९. राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई थप व्यवस्थित, प्रतिस्पर्धी र मर्यादित बनाउदै सो कार्यक्रमको लागि निरन्नतरता दिईनेछ र नगरभित्रका विद्यालयलाई सहभागिताको आधारमा आर्थिक सहयोग गरिनेछ ।
२०.मनराशिसवा नगरपालिकाका सम्पूर्ण नागरिक लाई साक्षर बनाउने उदेश्य ले **पूर्ण साक्षर नगर अभियान** लाई निरन्तरता दिईनेछ ।

## पुर्वाधार विकास तथा नगर सौन्दर्य नीति

१. निर्माण कार्य गुणस्तरीगताका लागि बोल पत्र प्रक्रियाबाट र उपभोक्ता समितीबाट निर्माण हुने आयोजनाहरुको ल्याब परीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
२. नगर सौन्दर्यकरणका लागि सडक पेटी मा वृक्षारोपण र सडक बत्ती जडानको कार्य गरिनेछ ।
३. सामाजिक क्षेत्रमा फोहर गर्ने व्यक्तिलाई जरिवाना गर्ने नियम ल्याएर नगर सौन्दर्यकरणमा ध्यान दिइनेछ ।
४. नगरपालिका क्षेत्रको सडक सन्जालमा सबै नगरवासीहररुको पहुँच बढाउन आवश्यकता र औचित्यको आधारमा नयाँ सडकको निर्माण र भएको सडकहरुको स्तरोन्नति गरिनेछ । साथै नगरपालिका क्षेत्रमा रहेको सहायक सडक, गोरेटो बाटो आदिको सिमाङ्कनको कार्यलाई क्रमश प्राथमिकताका आधारमां अगाडि बढाइने छ ।
५. नगरपालिकाबाट निर्माण गरिने सार्वजनिक पूर्वाधारहरु लाई यथासम्भव फरक क्षमता भएका व्यक्ति मैत्री बनाईने छ।
६. नगरपालिका क्षेत्रमा भएका विद्युत लाइनका पोल तथा वितरित लाइनहरु व्यवस्थीत रुपमा सुधार गरी विद्युत सेवा उपयोगमा सबैको पहुँच पुर्याउन सम्बन्धित निकाय संग समन्वयात्मक पहल गरिनेछ ।
७. प्रत्येक नागरिकले आफ्नो व्यक्तिगत तथा घरायसि प्रयोजनका लागी निर्वाध रुपमा पर्याप्त सुरक्षित र सुलभ पानी प्रयोग गर्न पाउने मौलिक हक अधिकारका लागी आवश्यक पुर्वाधारहरु निर्माण गरिनेछ ।

## आर्थिक विकास नीति

१. युवाहरु रोजगारीको सिलसिलामा विदेश जाने क्रमलाई निरुत्साहित गर्न विभिन्न उपयुक्त तालिमहरु उपलब्ध गराई स्वदेशमै स्वराजगार सिर्जना गरी एक घर एक रोजगार अभियान लाई सफल पार्न पहल गरिनेछ ।

मोहन पाण्डेय
नगर प्रमुख

२. 'नगरको श्रम नगरकै लागि पसिना' भन्ने नीतिलाई कार्यान्वयन गर्न युवाहरुलाई लक्षित गरी **युवा स्वरोजगार कार्यक्रम** संचालन गरिनेछ ।

३. युवाहरुलाई लक्षित गरी स्वरोजागर, आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउन युवा उद्यमी प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गरिने छ ।

४. नगरपालिका क्षेत्रभित्रको आर्थिक र सामाजिक रुपान्तरणको लागि गुणात्मक एवं दिगो सहकारिता अभिवृद्धि गर्न नगरपालिका क्षेत्रका सहकारी र वित्तिय क्षेत्रलाई परिचालन गर्ने नीति लिईनेछ ।

५. सहकारीको माध्यमवाट गरिव विपन्न वर्गका सदस्यहरुको संलग्नतौमी संचालन हुने उत्पादन र लगानीमा आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र नगरपालिका विच साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

## सामाजिक विकास नीति

१. यस नगरमा रहेका एकल ज्येष्ठ नागरिकहरुको जिवनयापन सहजिकरण गर्न वृद्धाश्रमलाई सूचारु गरिनेछ ।

२. जन्म र मृत्यु जस्ता व्यक्तिगत घटना समयमै दर्ता गर्न जनतालाई प्रोत्साहन गरिनेछ र यसका लागि आवश्यक पर्ने **घटना दर्ता घरदैलो कार्यक्रम** पनि सुचारु गरिनेछ ।

३. यस पालिका भित्र "नशामुक्त युवा अभियान" कार्यलाई निरन्तरता दिन सुधार केन्द्र को स्थापना गरिनेछ ।

४. दुर्व्यसन मुक्त पालिका निर्माण गर्नका लागि युवाहरुलाई लक्षित गरि **विद्यार्थी संस्कार शिविर** तथा योग शिविर संचालन लाई निरन्तरता दिईनेछ ।

५. लक्षित वर्गको क्षमता वृद्धि गरी आत्मनिर्भर बनाउन चेतनामुलक, सीपमुलक, आयमुलक तालिमहरुको व्यवस्थापन गरी रोजगारका अवसरहरुको पहिचान सहित उपयुक्त अवसर उपलब्ध गराईने छ ।

६. नगरपालिकाको स्वामित्वमा रहेको सम्पति तथा अन्य सार्वजनिक सम्पदाहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

७. नगरपालिका भित्र परम्परागत रुपमा संचालन हुने मेला, जात्रा पर्व, भजन आदि जस्ता धार्मिक परम्परा संरक्षण गर्दै त्यस्ता पर्वहरुलाई सास्कृतिक, पर्यटन विकासको रुपमा स्थापित गरिदै लगिनेछ ।

८. नगरपालिका क्षेत्र भित्रका अती गरिब दलित, जनजाती लगायतहरुको क्षमता विकास, सिप विकास, आय आर्जन लगायतका कार्यहरु सञ्चालन गरी पछाडी पारिएका वर्ग तथा समुदायको उन्नती र प्रगती हुने कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।

मोहन पाण्डेय
नगर प्रमुख

९.सुख्खा महिनामा आगलागिको उच्च जोखिम हुनाले यस विपदबाट बच्न बारुण यण्त्र खरिद गरि संचालनमा ल्याईनेछ ।

१०. जनता लाई आकस्मिक सेवा लिन सहजिकरणका लागि **आकस्मिक सेवा केन्द्र** स्थापना गरिनेछ।

११. खानेपानीको पहुच सुनिश्चित गर्न नगरपालिकाबाट हुने चापाकल वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२. मसालाको बोट भएको जग्गामा पानीको सतहत तल जाने र खानेपानीको समस्या जटिल हुने कुरा वैज्ञानिक पुष्टि भएकाले यस रुखको पुर्ण उन्मुलन गरी अरु वोटविरुवा रोप्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

१३. विपन्न वर्गको विकासका लागि तिनीहरुलाई विभिन्न व्यवहारिक सिपमुलक तालिम दिईनेछ र त्यसपश्चात उत्पादन भएको सामाग्रीको बाजारीकरण समेत नगरपालिकाद्धारा गरिनेछ ।

१४. अति विपन्न वर्गलाई लक्षित गरि कम्तीमा १०० वटा घरहरुमा वातावरण मैत्री बिधुतिय चुलो वितरणको कार्य गरिनेछ।

१५.नगरमा मृत्यु हुने को कृया सहज गर्नका लागि समसान घाटको निर्माण र व्यवस्थापन गरिनेछ भने आर्थिक रुपमा अति विपन्न वर्गलाई कृया खर्चका निम्ति नगरपालिका बाट रु ५००० सहयोग प्रदान गरिनेछ।

मोहन पाण्डेय
नगर प्रमुख

अन्त्यमा यो गरिमामय सभामा आगामी आ व २०८१/८२ को अनुमानित प्रस्तावको आय को विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु

मनराशिसवा नगरपालिका आ.व.२०८१।०८२को लागि अनुमानित आय

| क्र.सं | स्रोत समूह | बजेटको स्रोत | स्रोत | पुजिगत | चालु | अनुमानित आय |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | १३७८००००० | ० | १३७८००००० |
| २ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान | ० | २२२६००००० | २२२६००००० |
| ३ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान | १६३००००० | ० | १६३००००० |
| ४ | संघीय सरकार | नेपाल सरकार | विशेष अनुदान | २०००००००० | ० | २०००००००० |
| ५ | संघीय सरकार | नेपाल सरकार | समपुरक अनुदान | १४०००००० | ० | १४०००००० |
| ६ | संघीय सरकार | नेपाल सरकार | राजश्व बाँडफाँड | ० | ११४२००००० | ११४२००००० |
| ८ | प्रदेश सरकार | प्रदेश सरकार | समानिकरण अनुदान | १००७६००० | ० | १००७६००० |
| ९ | प्रदेश सरकार | प्रदेश सरकार | विशेष अनुदान | ३०००००० | ० | ३०००००० |
| १० | प्रदेश सरकार | प्रदेश सरकार | समपुरक अनुदान | २०००००० | ० | २०००००० |
| ११ | अन्तरिक ऋण | - | | २५००००००० | | |
| ११ | नगरपालिका | नगरपालिका | आन्तरीक आय | ० | १०००००००० | १०००००००० |
| | | | जम्मा | ४५३१७६००० | ३४६८००००० | ७९९९७६००० |

आ.व. २०८१।०८२ को लागि कुल अनुमानित आय ७९९९७६०००। अक्षरेपी उनासी करोड उनानसय लाख छयहतर हजार मध्ये पुजितगत तर्फ रकम रु पैतालिस करोड एकतिस लाख छयहतर हजार र चालु तर्फको रकम रु चौतिस करोड अट्सठी लाख रहेको छ ।

मोहन पाण्डेय
नगर प्रमुख

आदरणीय सभा सदस्य ज्युहरु,

- अन्त्यमा, १२ औं नगर सभामा सहभागी हुनुभएका सम्पूर्ण सभा सदस्य ज्युहरू  नीति तथा कार्यक्रम निर्माणमा खटिनुभएका कर्मचारी साथीहरु, राजनीतिक दल, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार, संचारजगत एवम् १२ औं नगर सभा सम्पन्न गर्न योजना आयोग लगायत सबैलाई  हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यबाद ।